मिति **November 26, 2007**

# प्रेस विज्ञप्ति

पूर्वी नेपालमा सत्र वर्ष लामो शरणार्थी जीवन भोगीरहेका एक लाखभन्दा बढी भूटानी शरणार्थीहरुको वर्तमान अवस्था प्रायोजित विभाजनको चपेटामा परेको छ । तेस्रो मुलुकमा पुनर्वास गराउने UNHCR को अपारदर्शी योजना र अधिकांशको स्वदेश फिर्तीको चाहनामा नेपालको प्रशासनिक दमन र ज्यादती बढ्दै गएकाले शरणार्थी बृद्ध-बृद्धा, महिला तथा बालबालिकाहरुको अवस्था प्रतिदिन कष्टकर बन्दै गएको छ । शान्ति सुरक्षाको नाममा सशस्त्र प्रहरीहरु शिविरभित्र राखिनु शरणार्थी सम्बन्धी राष्ट्र संघीय अवधारणा विपरीत हो । त्यस्तो कार्य तुरुन्त बन्द गरी शिविरभन्दा बाहिरबाट सुरक्षा दिने कार्यको थालनी गर्न नेपाल सरकारसँग भूटान पिपल्स पार्टी माग गर्दछ ।

भूटानमा प्रजातान्त्रिककरणका अभ्यासहरु आरम्भ हुँदै रहेको अवस्थामा मानवीय सहयोगको नाममा आएको शरणार्थीलाई तेस्रो मुलुक पुनर्वास गराउने अपारदर्शी तथा कुत्सित अमेरिकी प्रस्ताव, भूटानी प्रजातान्त्रिक आन्दोलनको विपक्ष्यमा, निरंकुश भूटानी राजाको अभीष्ट पूरा गराउने एक दीर्घकालीन योजन मात्र रहेको गम्भीर विषय शरणार्थीहरुले नै बुझ्नु जरुरी छ । यस प्रकारको जोखिमपूर्ण कदमलाई भूटान पिपल्स पार्टीले समर्थन या विरोध नगरे पनि भूटानीहरुमाथिका हुने गरेको ज्यादति र कुत्सित कदमको निन्दा गर्दै उनीहरुको भविष्य प्रति सदैब चिन्तित रहँदै खबरदारी गर्दछ । "तेस्रो मुलुकमा दाश बन्न जानु हो र मालिक बन्न स्वदेश फर्कनु हो" त्यसर्थ बिना सोच र हतारमा कुनै प्रकारको जोखिम नउठाउन पनि शरणार्थी सबैमा पार्टी आह्वान गर्दछ ।

नेपाल प्रवेश गरेको सत्र वर्षपछि शरणार्थीहरुको फोटो सहितको परिचयपत्र दिने भनी यसै वर्ष पुनर्गणना भएको तर धेरै महिना बितिसक्दा पनि परिचय पत्र वितरण नहुँदा शरणार्थीहरुले अन्योल तथा विविध जोखिम भोग्दै आएका छन् । लामो समयसम्म वितरण नहुँदा परिचय पत्रको दुरुपयोग हुने र गैर भूटानीलाई फाईदा पुग्ने सम्भावना बढ्दै गएकाले सम्पूर्ण शरणार्थीहरुको परिचय पत्र तुरुन्त वितरण गर्न र परिचय पत्र वितरण नभएसम्म कुनै पनि प्रकृया अघि नबढाउन नेपाल सरकार तथा UNHCR सित पार्टी माग गर्दछ ।

आजसम्म मुकदर्शकको रुपमा रहेको भारत सरकार र निष्कृय रहेका भारतीय राजनैतिक दलहरुले पछिल्लो समयमा आएर शरणार्थीहरुको स्वदेश वापसी सन्दर्भमा उत्साहजनक चासो र सकृयता बढेको छ । गत २२ नोभम्बर २००७ मा दिल्लीमा भएको सर्वदलीय बैठकले भारतीय सांसदहरुको एउटा टोली चाँडै शरणार्थी शिविरमा आउने र भूटानको राजधानी थिम्पु गई भूटानसँग कुरा राख्ने भन्ने निणर्य भएकाले बहुप्रतीक्षित भारतीय सहयोग मिल्ले र हाम्रो स्वदेश फर्कने कार्यले चाँडै प्राथमिकता पाउने स्पष्ट भईसकेको हुँदा आफनो परिचय र अस्तित्व मेटाउने कार्यतर्फ हतारमा कदम नउठाउन संपूर्ण भूटानी शरणार्थीहरुलाई पुनः आह्वान गर्दछ ।

बलराम पौडेल
अध्यक्ष